# मिक्लाजुङ गाउँपालिकाका  अध्यक्ष श्री देवीप्रसाद आचार्यले मिक्लाजुङवासीका नाममा दिनुभएको बिदाइ सन्देश

**आदरणीय मिक्लाजुङवासी आमा-बुवा, दिदीबहिनी तथा दाजुभाइहरु !**

सर्वप्रथम यहाँहरु सबैमा हार्दिक अभिवादन गर्दछु ।

हालै स्थानीय निकायको निर्वाचन सम्पन्न भई नयाँ जनप्रतिनिधिहरुले पद बहाली गर्ने समय समेत हुन लागेको यो क्षण मिक्लाजुङ गा.पा.को अध्यक्षका रुपमा तपाँहरुलाई अन्तिम सम्बोधन गर्न उपस्थित भएको छु ।

आफ्नो पाँच वर्षे कार्यकाल पूरा गरेर मिक्लाजुङ गा.पा.को प्रमुखको पदबाट बिदा लिदै गर्दा मानव जीवनको जस्तै हरेक जिम्मेवारीको पनि निश्चित समयसीमा हुने र आफ्नो समय पूरा भएपछि हरेकले बिदा हुनैपर्ने सत्यलाई मैले नजिकबाट बोध गरेको छु ।

हामी सबै समयको अधिनमा छौं । तोकिएको निश्चित समयभित्र आफ्नो जिम्मेवारी पूरा गर्न सकियो भने अथवा आफ्नो जिम्मेवारी पूरा गर्न इमान्दार प्रयत्न गरियो भने पनि मनमा अपार सन्तोष र आनन्द हुने रहेछ । आफ्नो पाँच वर्षे कार्यकालमा सबै जिम्मेवारी पूरा गर्न सकेँ त म भन्दिन, तर पनि जनताको हित, आनन्द र समुन्नतिका लागि पूर्णरुपमा इमान्दार भएर कार्य गर्न सकेँ भन्दा मलाई अपार आनन्दबोध भएको छ ।

सीमित स्रोत र साधनका बलमा जनताका असीमित चाहनालाई सम्बोधन गर्न पक्कै सजिलो थिएन । तर पनि अपार जनसमर्थन र जनताका प्रतिको लगाव र  प्रेमका अगाडि स्रोत र साधनको सीमितता गौण बन्ने रहेछ । मैले आफ्नो कार्यकालमा जे जति गर्न सकेँ, त्यसको एकमात्र आधार तपाई मिक्लाजुङवासीहरुको म प्रतिको विश्वास र भरोषा नै हो ।  यस गाउँपालिकाको अध्यक्षको रुपमा यहाँहरुबाट प्राप्त भरोषा र प्रेमलाई म जीवनपर्यन्त सम्झिरहने छु ।

२०७४ साल असार महिनामा सम्पन्न स्थानीय तहको निर्वाचनमा तापाइँ आदरणीय मिक्लाजुङबासीहरुले म र  मेरो पार्टी नेकपा एमालेलाई विश्वास गरी विजयी

बनाउनु भएको  थियो । विजयको त्यो क्षण मैले आफ्नो विजयलाई विजयका रुपमा भन्दा बढि “जय” का रुपमा वरण गरेको थिएँ । “जय” अर्थात सबैको कल्याण । आम मिक्लाजुङवासीको सामूहिक कल्याण  र हितका खातिर यहाँहरुले मलाई छनोट गर्नुभएको हो भन्ने बुझाईमा म अहिले पनि बिश्वस्त छु ।

म र मेरो पार्टीप्रति विश्वास गरी प्रकट गर्नुभएको अभिमतलाई आफ्नो पाँच वर्षे कार्यकालमा सदैव हृदयमा राखेर कार्य गर्न प्रदान गर्नुभएको सहयोग र समर्थनका लागि म यहाँहरु सबैप्रति नतमस्तक छु ।

मुलुक सङ्घीय संरचनामा भर्खरै प्रवेश गरेको र स्थानीय तह, प्रदेश र सङ्घीय सरकारका बिचमा कार्य जिम्मेवारी समेत स्पष्ट भई  नसकेको तथा स्थानीय तहहरू संस्थागत समेत हुन बाँकी रहेको अवस्थामा जिम्मेबारी बहन गर्नु निश्चिय नै चुनौतीपूर्ण थियो । तथापि, त्यो चुनौतीलाई यहाँहरुको साथ, समर्थन र भरोषाको बलमा अवसरका रुपान्तरण गर्ने महाअभियानमा सामेल भइयो भन्न पाउँदा मलाई गौरवबोध भएको छ ।

यस अवधिमा  मेरो नेतृत्वको कार्यपालिका तथा व्यवस्थापिकाबाट केही दीर्घकालिन महत्वका कार्यहरु भएका छन् ।

मैले जिम्मेबारी वहन गर्दा गाउँपालिकाको केन्द्र तोकिएको थिएन । केन्द्र तोक्ने कुरालाई जनप्रतिनिधिहरुले  नै प्रतिष्ठाको विषय बनाउँदा विषय झनै पेचिलो बनेको  थियो । तथापि यस विषयमा हामीले अत्यन्तै सुझबुझपूर्ण ढङ्गले निर्णय लिन सफल भयौं । त्यसको श्रेय  म सम्पूर्ण मिक्लाजुङबासीलाई नै दिन चाहन्छु ।

गाउँपालिकाको  केन्द्र तोकिएपनि त्यसको प्रशासनिक भवन जनमैत्री थिएन । त्यसलाई निर्माण गरेर जनमैत्री बनाउनु आवश्यक थियो ।  अहिले गाउँपालिकाको प्रशासनिक भवन निर्माणको अन्तिम चरणमा छ । कार्यकाल सकेर बिदा हुदै गर्दा यसबाट मलाई सन्तोष महसुस भएको छ । हाम्रो गाउँपालिकाका आफ्नै  वडा कार्यालयहरु थिएनन्  । पाँच वर्षको कार्यकालमा सबै वडा कार्यालयहरुको निर्माण समेत सम्पन्न भएको छ ।

यसैबीचमा मानव समाज नै कोभिड १९ का कारण आतङ्कित बन्न पुग्यो । हाम्रोजस्तो  मुलुकको स्वास्थ्य प्रणाली  नै ध्वस्त हुने अवस्थामा पुगेको बेला पनि

हामीले आफ्नो ज्ञान, विवेक, माथिल्ला सरकारका निर्देशन र स्रोत-सामर्थ्य समेतलाई ध्यानमा राख्दै रोकथाम गर्ने प्रयास गऱ्यौँ । कोभिड १९ को रोकथामका लगि मधुमल्लामा रहेको स्वास्थ्य चौकीमा एमबिबिएस डाक्टर सहितको अस्पताल सञ्चालनमा ल्यायौँ । सो अस्पताल हालसम्म निरन्तर सञ्चालनमा छ ।

मिक्लाजुङ गाउँपालिका वडा नम्बर २ मा १५ शैयाको सुविधा सम्पन्न अस्पताल निर्माणको अन्तिम चरणमा पुगेको छ । मधुमल्लामा रहेको स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी एमबीबीएस डाक्टर सहित सञ्चालनमा ल्याइएको छ ।

म मिक्लाजुङमा निर्वाचित भएको क्षण गाउँपालिका भित्रका कुनैपनि वडाका सडकहरु कालोपत्रे भएका थिएनन् । हाल मिक्लाजुङ वडा न. ७, ८ र ९ वडाका भित्री सडकहरु समेत कालोपत्रे भएका छन् ।

साबिकको मधुमल्लासँग टाडिको धोवेनी बजार तथा रमिते खोला आइतवारे बजारसम्म जोड्ने सडक यातायात थिएन । अहिले कालेपत्रे सडक निर्माण गरी बाह्रै महिना सञ्चालन गर्न मिल्ने भएको छ । मिक्लाजुङका सबै प्रमुख बस्तीहरु जोड्ने खोलामा पुल निर्माण गरी यातायातका साधन बर्षभरी सञ्चालन गर्न सकिने भएको छ ।

मधुमल्लामा क्याम्पस सञ्चालनका लागि भवन निर्माण गरी विश्वविद्यालयबाट सम्बन्धन लिने प्रक्रिया अन्तिम चरणमा रहेको छ । कालिका माविमा प्राविधिक धारको माध्यमिक तहको शिक्षा सञ्चालनमा ल्याइएको छ ।

यसबीचमा जेजति राम्रा कार्यहरु भए ती सबै तपाईं मिक्लाजुङवासीको सहयोग र समर्थनबाट सम्पन्न भएका हुन् । ती असल कार्यको श्रेयसमेत म यहाँहरुलाई नै दिन चाहन्छु । हामीले प्रतिवद्धता प्रकट गरेका र हुन नसकेका कार्यहरु आगामी गाउँपालिकाको नेतृत्वबाट सम्पन्न हुनेछन् भन्ने मेरो विश्वास छ । मेरो नेतृत्वको कार्यपालिकाबाट हुन नसकेका कार्यहरु प्रति म जिम्मेवारीपूर्वक क्षमायाचना गर्दछु ।

उपलब्ध सिमित श्रोत र साधनबाट असीमित आवश्यकता पुरा गर्न नसकिने कटु सत्यलाई मैले अहिले अझै गहिरो गरी महसुस गरेको छु । मिक्लाजुङवासीहरुको जायज माग र आवश्यकताको विषयलाई पनि सिमित श्रोत र साधनकै कारण यथोथित सम्बोधन गर्न नसक्दा मलाई पटकपटक नमीठो महसुस भएको छ ।

तथापि, समयक्रममा हाम्रा आकाङ्क्षाहरुको उचित सम्बोधन हुने कुरामा म विश्वस्त छु ।

व्यवस्थापकीय जटिलताका कारण सबै विषयको सम्बोधन तत्काल हुन नसके पनि आशावादी भएर इमान्दार प्रयत्न गर्दा उचित समयमा गन्तव्यमा पुग्न सकिने कुरामा दुईमत छैन । आदरणीय मिक्लाजुङवासीहरुमा सदाझैं सकारात्मक, आशावादी र उत्प्रेरित भइरहन म विनम्रताका साथ निवेदन गर्दछु ।

यो ५ वर्षमा भएका सबै राम्रा कामहरुको श्रेय तपाईंहरुलाई दिदैं हुन बाँकी रहेका कुराहरुको हकमा इमान्दार भएर प्रयास गर्दागर्दै पनि गर्न नसकिएको भन्ने अर्थमा लिइदिनु हुनेछ भन्ने विश्वास लिएको छु ।

**आदरणीय मिक्लाजुङवासीहरु,**

म भुईं मान्छे हु । मलाई सङ्घर्ष र सत्यको धरातल प्रति विश्वास छ । म हिजो पनि तपाईंहरु सँगै थिए र आजजस्तै भोलि पनि तपाईंहरुको सुख-दुःखमा साथ रहनेछु । मेरो जीवनशैली सामान्य र पारदर्शी छ । पसिना र इमानले लथ्रक्क भिजेर तपाइँहरुको अघिपछि भइरहन पाएँ भने, मलाई पुग्छ । अब यो जीवनमा एउटै मात्र लोभ छ-"तपाईंहरुको सुख-दुःखको नजिक भइरहन पाऊँ !"

राजनीति मेरो पेशा हुदै होइन । यो त तपाईंहरुको सेवा गर्ने माध्यम मात्रै हो । यसका माध्यमबाट म तपाईंहरुसमक्ष आइपुग्छु र प्रेमपूर्वक तपाईंहरुको नजिक भइरहन्छु । राजनीति मेरा लागि पुण्यकर्मको त्यस्तो मार्ग हो, जहाँबाट म जनताको वरिपरि भइरहन्छु । तपाईंहरुबाट पर अन्त कतै पुग्नलाई मैले राजनीति गरेको होइन । चाहे पदमा रहूँ वा पदबाहिर, त्यसले मलाई केही फरक पार्दैन । जहाँ जुन रुपमा रहे पनि म यहाँहरुको सेवककै रुपमा रहिरहनेछु ।

अन्त्यमा,

मिक्लाजुङ गाउँपालिकाको अध्यक्षको रुपमा मलाई निरन्तर सहयोग गर्ने गाउँ कार्यपालिकाका उपाध्यक्षज्यू वडाअध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु र वडासदस्यज्यूहरुप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु । त्यसैगरी, संघिय सरकार, प्रदेश सरकार, संघिय ब्यवस्थापिकाका माननीय सदस्य तथा प्रदेश सभाका माननीय

सदस्य, जिल्ला समन्वय समितिका प्रमुख, उप प्रमुख, मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूहरु, प्रहरी प्रमुखहरु, मोरङ जिल्लाका स्थानिय तहका जनप्रतिनिधिहरु, यस पालिकाका प्रमुख प्रशासकीय अधिकृतहरु, गाउँपालिकाका सम्पूर्ण कर्मचारी साथीहरु, शिक्षक, स्थानिय प्रहरी चौकीका प्रहरीहरु, मेरो पार्टी नेकपा एमाले र अन्य सबै राजनीतिक दलका नेता तथा कार्यकर्ता मित्रहरु, बुद्धिजीवी, पत्रकार, नागरिक समाज, उद्योगी-व्यवसायी लगायत मलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा सल्लाह, सुझाव दिने सबै मिक्लाजुङवासीहरूमा हार्दिक कृतज्ञता अर्पण गर्दछु ।

मिति २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचितहुनुहुने अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षहरु एबम् सम्पूर्ण वडा सदस्यहरुलाई हार्दिक बधाइ तथा सफल कार्यकालको सुभकामना ब्यक्त गर्दछु ।

धन्यवाद

जय मिक्लाजुङ !
४ जेठ, २०७९